सुनवर्षी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

डाईनिया, मोरङ

प.सं. २०८२/८३
च.नं.

कोशी प्रदेश, नेपाल
मिति:२०८२।१२।१७

श्री यो जो सँग सम्बन्धित छ।

विषय: **श्रेस्ता अध्यावधिक गर्ने सम्बन्धि सुचना ।**

प्रस्तुत विषयमा श्री मालपोत कार्यालय रंगेलीको प. सं. २०८२/०८३ च.नं. २६६७ मिति २०८२/१२/०५ को प्राप्त (संलग्न)पत्रानुसार साथै यस कार्यालयमा समेत अभिलेख व्यवस्थापनका लागि यस नगरपालिका क्षेत्र भित्रका सम्पुर्ण सरकारी सामुदायिक विद्यालय, स्वास्थ्य चौकी , आधारभुत स्वास्थ्य केन्द्र , सार्वजनिक निकाय , सरकारी कार्यालय, वडा कार्यालयहरु,सुरक्षा निकायका कार्यालयहरु खोप केन्द्र , मठ,मन्दिर , मस्जिद , चर्च , सामुदायिक भवन लगायत अन्य सरकारी तथा सार्वजनिक निकायको श्रेस्ताहरु मालपोत कार्यालयमा अध्यावधिक कम्प्यूटर प्रणालीमा ईन्ट्री गर्न र यस कार्यालयमा समेत रेकर्ड (अभिलेख) राख्न अति आवश्यक भएकोले तपसीलका कागजातहरु छायाँकपी १/१ प्रति यस कार्यालयको भूमि शाखामा बुझाउनहुन साथै सिफारिश समेत लिई मालपोत कार्यालयमा पेश गर्नुहुन जानकारीका लागि अनुरोध छ ।

तपसील:

१. सक्कल जग्गाधनी पूर्जा
२. चालु आ.व.को मालपोत तिरेको रसिद
३. जग्गा प्राप्तिको श्रोतहरु पारित लिखत , बकस पत्र ,दा.खा. निर्णय.....
४. सम्बन्धित वडा कार्यालयको सिफारिश पत्र
५. अन्य कागज प्रमाणहरु...................

थप जानकारीका लागि सम्पर्क
प्रभुनाथ झा (भूमि शाखा प्रमुख)
९८१६३३५६७३,९७६१३६३३७३

..........................
(हिमालय बराल)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

४३३०२५ (नगर प्रमुख), ४३३०२६ (नगर उप-प्रमुख), ४३३०२७ (प्रमुख प्रशासकिय अधिकृत) ४३३०२८ (प्रशासन तथा योजना शाखा)
E-mail: sunbarsimun@gmail.com, Website:sunawarshimun.gov.np
"समृद्ध सुनवर्षीको आधार, शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार"

नेपाल सरकार
भूमिव्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमिव्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय

रंगेली, मोरङ

फोन /फयाक्स
०२१५८०६८०

प.सं.:०८२/०८३
च.नं. : २६६६

मितिः २०८२/१२/०५

विषय - श्रेस्ता अध्यावधिक सम्बन्धमा ।

श्री रंगेली नगरपालिका,
श्री रतुवामाई नगरपालिका,
श्री सुनवर्षी नगरपालिका,
श्री धनपालथान गाउँपालिका,
मोरङ

उपरोक्त सम्बन्धमा मालपोत कार्यालय रंगेलीको कार्यक्षेत्रभित्र पर्ने सरकारी सामुदायीक विद्यालय, स्वास्थ्य चौकी, सार्वजनिक निकाय, सरकारी कार्यालय, नगर/गाँउ पालिकाको कार्यालय, वडा कार्यालय, सुरक्षा निकायको कार्यालय, लगायत अन्य सरकारी तथा सार्वजनिक निकायको यस कार्यालयमा रहेको कतिपय मोठ श्रेस्ता जिर्ण हुदै गएको तथा दोहोरो समेत देखिएको हुदाँ सारकारी सार्वजनिक जग्गाको मोठ/श्रेस्ता अध्यावधीक तथा कम्प्युटर प्रणालिमा इन्ट्रि गर्ने प्रयोजनकालागी तपशिल बमोजिमको कागज/प्रमाणहरु सामेल गरी आफ्नो जग्गाको मोठ श्रेस्ता तथा जग्गाधनी पुर्जा अध्यावधिक गर्न गराउनकोलागी आफ्नो कार्य क्षेत्र भित्रका माथी उल्लेखित सबै निकायहरुमा समन्वय/पत्राचार गरि आवश्यक सहयोग गरिदिनु हुन अनुरोध छ ।

<u>तपशिल:</u>

१. सक्कल जग्गाधनी पुर्जा,
२. चालु आ.ब.को मालपोत तिरेको रसिद,
३. जग्गा प्राप्तिको श्रोतहरु पारित लिखत, बकस पत्र, दा.खा. निर्णय.....
४. सम्बन्धीत वडा कार्यालय/पालिकाको कार्यालयको सिफारिस पत्र,
५.अन्य कागज प्रमाणहरु.......

२०८२।१२।०५

मात्रिका दगाल
(मालपोत अधिकृत)
**मालपोत अधिकृत**